# मेलमिलाप दिवसको उपलक्ष्यमा सम्माननीय का.मु. प्रधान न्यायाधीश एवम् मेलमिलाप परिषद्का अध्यक्षज्यूले दिनुभएको

# शुभकामना सन्देश !

मेलमिलापसम्बन्धी ऐन, २०६८ र नियमावली, २०७० लागू भएको दिनको सम्झनामा हरेक वर्षको वैशाख १ गतेलाई मेलमिलाप दिवस मनाउँदै आएको परिप्रेक्ष्यमा यस वर्ष पनि मेलमिलाप दिवस मनाउन पाउँदा अत्यन्त खुसी लागेको छ ।

न्याय सबैका लागि अपरिहार्य वस्तु हो । न्याय सर्वसुलभ भएमा मात्र व्यक्तिका हक अधिकारहरू सुरक्षित हुन्छन् । यसबाट नै सामाजिक शान्ति र विकाससहितको मेलमिलापमैत्री समाजको निर्माण हुन सक्दछ । न्याय नै शान्ति, विकास र स्थिरताको आधार पनि हो । छिटोछरितो, सहज र कम खर्चमा सरल प्रक्रियाबाट निष्पक्ष न्याय पाउनु जनताको नैसर्गिक अधिकार हो ।

सामान्यतया हरेक समाजमा कुनै न कुनै समस्याहरू रहेकै हुन्छन् । समस्याहरूको समाधान समयमै हुन नसके सामाजिक जिटिलता बढ्न जान्छ । त्यस्तै समस्याहरूको समाधान समयमै खोजिनु पर्दछ । विवादको समाधानमा तेश्रो पक्षको सहजीकरणमा पक्षहरू आफैंले छलफलमा सरिक भई आपसमा चित्त बुझ्दो गरी समस्याको समाधान खोज्ने प्रक्रिया नै मेलमिलाप हो ।

नेपालको संविधानले सामाजिक न्यायमा आधारित समतामुलक समाजको परिकल्पना गरेको छ । त्यसको लागि न्यायपूर्ण कानून, न्याय उन्मुख राज्यसंयन्त्र र न्याय प्राप्त गर्न सकिने सहज वातावरण तथा न्यायको लागि अर्थपूर्ण सहकारिता आवश्यक हुन्छ । यसका लागि विवाद समाधानका औपचारिक एवम् मेलमिलाप लगायतका वैकल्पिक उपायहरूलाई संस्थागत गर्ने संवैधानिक अभिष्ट रहेको कुरा यहाँ विशेष रुपमा स्मरणीय छ । यही अभिष्ट प्राप्त गर्न तर्फ अदालत, न्यायिक निकायहरू तथा जनताका प्रतिनिधिहरूको ध्यान जानु आवश्यक छ । मेलमिलाप प्रक्रियालाई स्थानीय तहमा विवाद निरुपणको अभिन्न अङ्गको रुपमा विकास गर्न खोजिएको हुँदा मेलमिलाप पद्धतिको प्रवर्द्धनमा सम्बद्ध सबैको सक्रियता महत्वपूर्ण र आवश्यक देखिएको छ ।

अन्त्यमा, मेलमिलाप परिषद्को स्थापना पश्चात् मेलमिलाप पद्धतिको प्रवर्द्धनमा सहकार्य गर्दै आइरहेका नेपाल सरकार, सर्वोच्च अदालत, स्थानीय निकायहरू, मेलमिलापकर्ता, क्रियाशील संघसंस्थाहरू, नागरिक समाज, पत्रकार एवम् शुभेच्छुक सम्पूर्ण सरोकारवालाहरूलाई धन्यवाद् एवम् शुभकामना दिन चाहन्छु । जनतालाई न्याय प्राप्तिको अनुभूति दिलाउने मेलमिलापको पवित्र उद्देश्यतर्फ आगामी दिनमा समेत प्रयत्नशील रहने छौं भन्ने आशा एवम् विश्वास लिएको छु । मेलमिलाप दिवस एवम् नव वर्ष २०७५ को सुखद् अवसरमा सम्वद्ध सबै सरोकारवालाहरूमा हार्दिक एवम् मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

का.मु. प्रधान न्यायाधीश
तथा
अध्यक्ष, मेलमिलाप परिषद्
एवम्
मेलमिलाप परिषद् परिवार, काठमाडौं

"हाम्रो समस्या, हाम्रै समाधानः मेलमिलाप"